दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या २ मंङ्गसिर २०, २०७५ साल

## भाग-२

## दुप्चेश्वर गाउँपालिकाको
## गाउँ कार्यपालिकाको कार्यालय

## नुवाकोट

बागमती प्रदेश, नेपाल

# बालक्लब तथा बाल क्लब संञ्जाल संचालन निर्देशिका २०७५

प्रस्तावना :- विभिन्न धर्म, जाति/जनजाति, वर्ग र उमेरका बालबालिका सङ्गठित भई बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र प्रचलित कानुनमा उल्लेखित सङ्गठन र सहभागिताको अधिकारको सदुपयोग  र उपभोग गर्न गराउन एवं बालबालिकाको बचाउ, विकास, प्रगति, संरक्षणलगायतका विषयमा बालबलिकाहरु स्वयम् सहभागी भई गाउँ, नगर, देश र अन्तर्राष्ट्रियस्तरमा उनीहरुको सर्वोत्तम हितसम्बन्धी भएका वा घटेका घटना वा सूचनाहरु बारे जानकारी प्राप्त गर्न, आदान प्रदान गरी आफ्नो विचार, भावना र आवाजलाई अभिव्यक्त गरी बालबालिकाको सामाजिक, मानसिक, बौद्धिक ,शारीरिक लगायतका सर्वतोमुखी विकास गर्दै उनीहरुको कल्याण र प्रगतिको लागि काम गर्ने अभिप्रायले गठन भएका र गठन हुने  बालक्लब तथा बालक्लब सञ्जाल सञ्चालनमा सहजता र कार्य शैलीमा एकरूपता आओस् भन्ने हेतुले दुप्चेश्वर गाउँकार्यसपालिका नुवाकोटले यो बालक्लब तथा बालक्लब सञ्जाल संचालन निर्देशिका २०७५ स्वीकृत गरी जारी गरेको छ ।

# खण्ड क
# बालक्लब संचालन निर्देशिका

## परिच्छेद -१
## प्रारम्भ

१. नाम र प्रारम्भः–

१.१) निर्देशिकाको नाम “बालक्लब संचालन निर्देशिका, नुवाकोट २०७५” रहने छ ।

१.२) यो निर्देशिका सबै बालक्लबहरुलाई लागू हुनेछ ।

१.३) यो निर्देशिका दुप्चेश्वर गाउँकार्यपालिका, नुवाकोटले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

२.१) “बालक्लब ” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि १८ वर्ष ननाघेका बालबालिकाहरुले संगठित रुपमा विद्यालयमा आधारित भई वा समुदायमा आधारित भई वा बाल कल्याण गृहमा आधारित भई स्थापना गरिएको बाल समूहलाई बुझ्नुपर्दछ ।

२.२) “कार्य समिति” भन्नाले बालक्लबको कार्यकारी समिति भन्ने बुझ्नुपर्दछ ।

२.३) “सदस्य” भन्नाले बालक्लबका कार्य समितिका सदस्य तथा पदाधिकारी समेतलाई बुझ्नुपर्दछ ।

२.४) “साधारण सदस्य” भन्नाले बालक्लबका साधारण सभाका सदस्यहरुलाई बुझ्नुपर्दछ ।

२.५) “निर्देशिका” भन्नाले दुप्चेश्वर कार्यपालिका नुवाकोट द्वारा जारी गरिएको बालक्लब तथा बालक्लब सञ्जालको निर्देशिका, नुवाकोट २०७५ लाई बुझ्नुपर्दछ ।

३. छाप र चिन्ह :- बालक्लबको छाप र चिन्ह अनूसूचि २ मा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद-२
## उद्देश्य र आवद्धता

यस बाल समूहको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहनेछन्:

(क) बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने ।
(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु ।
(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने ।
(घ) धर्म, वर्ण, लिगं जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारेजनचेतना जगाउने।
(ङ) बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचविखन, बाल विवाहजस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि गाउँ बाल सञ्जाल वा गाउँकार्यपालिका नुवाकोटमा अनुरोध गर्ने ।
(च) बाल अधिकार सम्वन्धी बिबिध कार्यकमहरु संचालन गर्ने।
(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु संचालन गर्नु।
(ज) पूर्व बालविकास सम्बन्धी कार्यक्रमहरुमा सहभागी गराउनु ।
(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु ।
(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।
(ट) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांकसंकलन गर्नु ।
(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुऱ्याउन र समाधान गर्ने प्रयत्न गर्नु ।
(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप पोषण, बालस्याहार, आयोडिनको महत्व जस्तामातृ एवं बाल स्वास्थको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।
(ढ) बालबालिकाहरुसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया लगायतका विषयमा समाजमा जानकारी एवं सो को

निराकरणको लागि चेतना जगाउनु ।
(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवं दैवी प्रकोपबाट पिडित बालबालिकाहरुको पुर्नस्थापनाको लागि पहल गर्नु ।
(त) अन्य बाल समूहहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।
(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरु संचालन गर्ने ।
(द) एच.आई.भि. एड्सका सम्वन्धमा जनचेतना जागृत गराउने ।
(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातिय भेदभाव एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्ध जनचेतनाजगाउने ।
(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।
(प)..........................
(फ).................................. (स्थानीय आवश्यकता अनुसार उद्देश्य र कार्यहरु थप्न सकिने)

५. आवद्धताको व्यवस्था : जिल्लामा स्थापना भएका सम्पूर्ण बालक्लबहरु गाउँकार्यपालिकामा गठित स्थानीय बालअधिकार परिषद्मा आवद्ध हुन निर्देशिकाको अनुसूचि नं. १ मा निर्धारण गरिएको ढाँचामा निवेदन र अनुसूचि नं.४ अनुसारको फारम भरी स्थानीय बालअधिकार परिषदमा पेश गर्नुपर्नेछ र परिषद्ले अनुसूचि ३ को ढाँचामा आबद्धता प्रमाण-पत्र प्रदान गर्नेछ ।

## परिच्छेद-३
## सदस्यता

६. सदस्यताको वर्गीकरणः–

साधारण सदस्य :– बालक्लबको साधारण सदस्यता लिनको लागि साधारण सभाले तोकेबमोजिमको प्रवेश शुल्क तिर्नु पर्दछ र तोकेबमोजिमको अन्य शुल्क पनि नियमितरुपमा बुझाउनु पर्दछ ।

७. सदस्यता प्राप्ति तथा समाप्ति

७.१) बालक्लबको साधारण सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता,

क ) अनिवार्यरुपमा जन्म दर्ता गरेको हुनुपर्नेछ ।

ख) १८ वर्ष उमेर ननाघेको हुनुपर्नेछ तर १८ वर्ष उमेर पुरा भएपछि निजको सदस्यता स्वतः खारेज हुनेछ ।

७.२) सदस्यता समाप्ति

क) उपदफा ७.१ बमोजिमको शर्त पुरा नगरेमा ।

ख) तोकिएका शुल्कहरु नबुझाएमा।

ग) कार्य समितिले बालक्लबको आचरण विपरित कार्यगरेको ठहर गरेमा

८. सदस्यता शुल्क :-

८.१) बालक्लबको साधारण सभाले सदस्यतासम्बन्धी सशुल्क अथवा निःशुल्क सदस्यता र आवश्यकताअनुसार अन्य शुल्क तोक्न सक्नेछ ।

८.२) सदस्यता शुल्क र नवीकरण अवधि बालक्लबको साधारण सभाले तोक्नेछ ।

## परिच्छेद–४
## साधारण सभा , कार्य समिति तथा बैठकसम्बन्धी व्यवस्था

९. साधारण सभा सम्बन्धमा

९.१) बालक्लबको साधारण सभा बोलाउने तरिका :–

साधारण सभा : वार्षिक साधारण सभा वर्षको कम्तीमा १ पटक बस्नेछ तर वार्षिक साधारण सभा हुन नसकेको अवस्थामा साधारण सभा गर्न आवश्यक भएको भनी साधारण सदस्य सङ्ख्यामध्ये एक चौथाइ सदस्यहरुले अध्यक्षसमक्ष लिखित निवेदन पेश गरेमा विशेष साधारण सभा गरिनेछ ।

९.२) बालक्लबको साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिनु पर्दछ ।

१०. कार्य समिति :–

१०.१) बालक्लबको कार्य समितिमा अपाङ्गता भएका बालबालिकालाई पनि समेट्ने गरी देहायबमोजिमका पदाधिकारी रहनेछन् ।

अध्यक्ष :– १ जना
उपाध्यक्ष :– १ जना
सचिव :– १ जना
सह-सचिव:- १ जना
कोषाध्यक्ष :– १ जना
सदस्य :– ६ जना

१०.२) बालक्लबको कार्य समिति बालक्लबको साधारण सभाबाट छनौट हुनेछ ।

१०.३) कार्यसमितिका पदाधिकारीहरुको पदावधि २ वर्षको हुनेछ र सदस्यहरु पुनः निर्वाचनको लागि उम्मेदवार हुन सक्नेछन्।

१०.४) बालक्लबको कार्य समितिको सदस्यमा छनौट हुनको लागि बालक्लबको साधारण सदस्यता लिएको कम्तीमा ३ महिना पुरा गरेको हुनुपर्दछ ।

१०.५) कार्य समितिको पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिको लागि कार्यसमितिले साधारण सदस्यता प्राप्त गरेको ३ महिना पुरा गरेका सदस्यहरुमध्येबाट मनोनयन गर्नेछ ।

१०.६) समितिको पदाधिकारीहरु चयन गर्दा समान सहभागितालाई ध्यान दिइनेछ ।

१०.७) बालक्लब कार्य समितिको बैठक कम्तीमा प्रत्येक दुई महिनामा १ पटक बस्नेछ ।

१०.८) समितिका पदाधिकारीहरुको सदस्यता समाप्ति

अ) बालक्लबको सदस्य नरहेमा

आ) समितिको बैठकमा लगातार ५ पटकसम्म अनुपस्थित रहेमा

११) सल्लाहकार समिति :–

११.१) बालक्लब सञ्चालन गर्नको लागि कार्य समितिको बैठकले स्थानीय बुद्धिजीविहरु वा विद्यालयका शिक्षकहरु, पुर्व बाल क्लब अध्यक्ष मध्येबाट कम्तीमा १ जना महिला रहने गरी ४सदस्यीय सल्लाहकार समितिको गठन गर्नेछ ।

११.२) सल्लाहकार समितिको बैठक बस्दा सदस्यहरुले आफुमध्येबाट १ जना संयोजक छान्नेछन् । यस्तो समितिको कार्यकाल बालक्लबको कार्यकाल वहाल रहेसम्म हुनेछ ।

११.३) बाल समूहको कार्य समितिको एक कार्यकालमा बालिका अध्यक्ष वा उपाध्यक्ष भएमा अर्को कार्यकालको लागि बालकसोही क्रमानुसार अध्यक्ष वा उपाध्यक्ष हुनु पर्नेछ । सम्भव नभए यो प्राबधान पालन गर्न बाध्य हुने छैन ।

## परिच्छेद–५
## काम, कर्तव्य र अधिकार

१२. बालक्लबको काम, कर्तव्य र अधिकारः–

१२.१) आफ्नो कार्य क्षेत्रमा बालबालिकाको जन्म दर्ता लगायतका अन्य पञ्जीकरण गर्न प्रोत्साहित गराउने ।

१२.२) आफ्नो कार्य क्षेत्रमा विद्यालय जाने उमेरका बालबालिकाहरुलाई विद्यालय पठाउन प्रयास गर्ने ।

१२.३) बालबालिकाको सर्वागिण विकास तथा संरक्षणको लागि अभिभावकहरुसँग मिलेर विभिन्न प्रयास तथा कार्य सञ्चालन गर्ने ।

१२.४) बालबालिकासँग सम्बन्धित सम्पूर्ण प्रचलित सन्धि, कानुनहरुको यथोचित प्रचारप्रसार र कार्यान्वयन गर्न गराउन कार्यहरु गर्ने र बालअधिकारको समुचित उपयोग गर्ने तथा गर्न प्रेरित गराउने ।

१२.५) गाउँकार्यपालिकामा बालबालिकाको क्षेत्रमा कार्य गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गराई कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

१२.६) बालक्लबको वार्षिक कार्यक्रम बनाई रचनात्मक क्रियाकलाप गर्ने ।

१२.७) स्थानीय बालअधिकार परिषद् समन्वय गर्ने र आवश्यक सहयोग आदान-प्रदान गर्ने ।

१२.८) स्थानीय बालअधिकार परिषदमा सूचिकरण गर्ने र यथासमयमा नवीकरण गर्ने ।

१३. सल्लाहकार समितिको काम कर्तव्य र अधिकार :–

१३.१) बालक्लबलाई आवश्यकताअनुसार सुझाव, सल्लाह र प्रेरणा दिने ।

१३.२) बालक्लब सञ्चालनका क्रममा देखापरेका समस्या र चुनौतीहरु समाधान गर्न सहयोग गर्ने ।

१३.३) बालक्लबको अभिभावकको भूमिका निर्वाह गर्ने ।

१४. पदाधिकारीको काम, कर्तव्य र अधिकारः–

१४.१) अध्यक्षको काम, कर्तव्य र अधिकारः

क) बैठकको अध्यक्षता गर्ने ।

ख) दैनिक कार्यसञ्चालन गर्ने गराउने र सदस्यहरुलाई कामको बाँडफाँड गर्ने।

ग) बालक्लबको निर्णय तथा वार्षिक कार्यक्रम कार्यन्वयन गराउने ।

घ) चल अचल सम्पत्ति हेरविचार गर्ने ।

ङ) कार्य समितिले दिएका जिम्मेवारीहरु पुरा गर्ने ।

च) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

छ) सम्पूर्ण सदस्यहरुलाई आवश्यकता अनुसार परिचालन गर्ने ।

ज) बालक्लवको परिचालन गर्ने, सदस्यहरुलाई कार्यहरुको बाँड फाँड गर्ने ।

झ) बालक्लवको दिगोपनको लागि स्रोतहरुको खोजीगर्ने ।

१४.२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य काम गर्ने ।

ग) अध्यक्षलाई आवश्यक सहयोग गर्ने।

१४.३) सचिवको काम, कर्तव्य र अधिकारः

क) अध्यक्षसँग सल्लाह गरी कार्य समिति तथा साधारण सभाको बैठक बोलाउने ।

ख) कार्य समितिबाट दिइएका थप जिम्मेवारीहरु पुरा गर्ने ।

ग) नियमित कार्य सञ्चालन गर्ने ।

घ) चिठी, पत्र, ड्राफ्टहरुलेख्ने तथा सबै प्रकारको अभिलेख राख्ने ।

ङ) बैठकमा पेश गर्ने प्रस्तावहरु तयार गर्ने र पारित प्रस्तावहरुलाई माइन्यूट गर्ने तथा कार्यक्रम संचालन गर्ने ।

१४.४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

क) कोषको जिम्मा लिने ।

ख) सम्पूर्ण आम्दानी खर्चको विवरण राख्ने ।

ग) वार्षिकरुपमा बालक्लबको आम्दानी र खर्चको हिसाव सार्वजनिक गराई साधारण सभा, कार्य समिति र जिल्ला बाल कल्याण समितिमा वार्षिक जानकारी दिने ।

घ) कार्य समितिको निर्णयबाट दिइएको अन्य जिम्मेवारी पुरा गर्ने ।

१४.५) कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकारः

क) बैठकमा भाग लिई आवश्यक सुझावहरु पेश गर्ने ।

ख) बैठकमा पारित भएका निर्णयहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

ग) हरेक क्षेत्रबाट बालक्लबलाई सही सल्लाह दिई अघि बढाउन प्रयत्नरत रहने ।

घ) कार्य समितिले समय समयमा तोकिदिएको अन्य कार्यहरु गर्ने ।

१५. गणपूरक सङ्ख्या :–

साधारण सभा तथा कार्य समितिको काम कारवाही हुन बालक्लबका कुल सदस्य सङ्ख्याको कम्तीमा ५१% पुग्ने गरी साधारण सदस्यहरु उपस्थित भएको हुनु पर्नेछ।

१६. बालक्लबको कोष :–

बालक्लबको एउटा आफ्नोछुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिमका रकमहरु रहनेछन्,

१६.१) सदस्यता तथा अन्य शुल्कवापत प्राप्त रकम

१६.२) कुनै व्यक्ति वा संस्थाले स्वेच्छाले दिएको रकम

१७. कोष संरक्षणको व्यवस्था :–
सल्लाहकार समिति वा विद्यालयले बालक्लबको कोषको नजिकको वित्तीय संस्था (जस्तै सहकारी वा बैंक)मा खाता खोली उचित संरक्षण तथा सञ्चालन गर्नेछ । बैंक खाता सञ्चालन गर्नु परेमा विद्यालयमा आधारित बाल क्लबको हकमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक र संरक्षक शिक्षक २ जनाको नाममा खाता खाल्ने र अन्य बालक्लवको हकमा सल्लाहकार समितिका सदस्यहरुमध्ये २ जनाको नाममा नाममा सञ्चालन गर्नेछ।

१८. बालक्लबको लेखा र लेखा सार्वजनिकीकरण :–
१८.१) बालक्लबको आम्दानी खर्चको स्पस्ट हिसाव राखिनेछ ।
१८.२) बालक्लबको लेखा साधारण सभामा पेश गरी अनुमोदन गरिनेछ ।
१८.३) जिल्ला बाल कल्याण समितिले चाहेमा जुनसुकै बखत पनि बालक्लबको हिसाब किताब जाँच्न वा
जँचाउन सक्नेछ ।

## परिच्छेद - ६
## निर्वाचन

१९. निर्वाचनसम्बन्धी व्यवस्था :– कार्य समितिका पदाधिकारी छनौट गर्न बालबालिकाले सकेसम्म सर्वसम्मत विधि अपनाउनेछन् तर सर्वसम्मत हुन नसकेमा आवश्यक कार्यविधि तयार पारी विधिपूर्वक छनौट गर्ने व्यवस्था अपनाउनेछन् ।

२०. अविश्वासको प्रस्ताव:–
२०.१) बालक्लबका कार्य समितिका पदाधिकारीमाथि अविश्वास छ भनी साधारण सभाका एक चौथाइ सदस्यहरुले लिखित निवेदन नियमित साधारण सभा हुने ३ महिना अगावै पेश गरेमा सोही साधारण सभामा निर्णयार्थ प्रस्तुत गरिनेछ तर सोभन्दा बढी समयावधिभित्र पेश हुन आएमा दफा ९ को उपदफा ९.१ बमोजिम विशेष साधारण सभा बोलाई सो साधारण सभामा पेश गरिनेछ ।

२०.२) अध्यक्षमाथि अविश्वासको प्रस्ताव पर्न आएमा सो बैठकको अध्यक्षता उपाध्यक्षले गर्ने छ, तर अध्यक्षलाई आफ्नोपक्षमा मत जाहेर गर्ने अधिकार भने सुरक्षित रहनेछ ।

२०.३) साधारण सभाका उपस्थित सदस्यहरुमध्ये दुई तिहाई सदस्यहरुले अविश्वासको प्रस्तावको पक्षमा मत जाहेर गरेमा सो प्रस्ताव पारित भएको मानिनेछ ।

## परिच्छेद - ७
## विविध

२१. निर्देशिका संशोधन :–

बालक्लबको निर्देशिका संसोधन गर्नु पर्ने भएमा आवश्यक सुझावहरु सहित स्थानीय बालअधिकार परिषद्समक्ष अनुरोध गर्ने र परिषद्ले निर्देशिका संशोधन गर्न सक्नेछ ।

२२. संरक्षक :–

२२.१) संरक्षक संस्था/ व्यक्ति :- बालक्लबको प्रमुख संरक्षक स्थानीय बालअधिकार परिषद्, नुवाकोट रहनेछ । बालक्लबको कार्य समितिले बालबालिकाको क्षेत्रमा काम गर्ने कुनै एक वा एकभन्दा बढी सरकारी अथवा गैरसरकारी संस्थालाई आफ्नो स्थानीय संरक्षक संस्थाको रुपमा नियुक्त गर्न सक्नेछ ।

२३. बालक्लब खारेजी :– बालक्लब खारेज भएमा बालक्लबको चल अचल सम्पति स्थानीय बालअधिकार परिषद्ले तोकेबमोजिम हुनेछ ।

२४. नवीकरण :–

प्रत्येक वर्षको बैशाख मसान्तसम्ममा बालक्लबले आफ्नो बालक्लबको आम्दानी खर्चको हिसाव सार्वजनिक गराएको प्रतिवेदनसहित अनुसूचि नं. ५ अनुसारको फारम भरी स्थानीय बालअधिकार परिषद्मा नवीकरणको लागि निवेदन दिनेछ ।

२५. बचाउ :–

२५.१) प्रथमपटक यो निर्देशिका लागू गर्दा भए गरेका कामहरु यसै निर्देशिकाअन्तर्गत भए गरेको मानिनेछ ।

२५.२) यस निर्देशिकामा उल्लेख गरिएवाहेकका अन्य कुराहरु जिल्ला बाल कल्याण समितिले तोके बमोजिम हुनेछ ।

## खण्ड ख

## बालक्लब सञ्जाल संचालन निर्देशिका

## परिच्छेद -१

## प्रारम्भ

१. **नाम र प्रारम्भः–**

१.१) निर्देशिकाको नाम "बालक्लब सञ्जाल संचालन निर्देशिका, नुवाकोट - २०७५" रहने छ ।

१.२) यो निर्देशिका जिल्लाभित्रका सबै बालक्लब सञ्जालहरुमा लागू हुनेछ ।

१.३) यो निर्देशिका गाउँकार्यपालिका, नुवाकोटले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. **परिभाषाः–** विषय वा प्रसंगले अको अर्थ नलागेमा,

२.१) "बालक्लब" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि १८ वर्ष ननाघेका व्यक्तिहरुले संगठित रुपमा विद्यालयमा आधारित भई वा समुदायमा आधारित भई स्थापना गरिएको स्थानीय बालअधिकार परिषद नुवाकोटमा आवद्ध बालबालिकाको समूहलाई बुझ्नुपर्दछ ।

२.२) "बालक्लब सञ्जाल" भन्नाले जिल्ला, नगर तथा गाउँपालिका तहमा स्थापना गरिएका दुई वा दुईभन्दा बढी बालक्लबका प्रतिनिधिहरुद्वारा गठन गरिने साझा सञ्जाल भन्ने बुझ्नुपर्दछ ।

२.३) "गाउँ बालक्लब सञ्जाल" भन्नाले गाउँपालिका तहमा स्थापना गरिएका दुई बा दुईभन्दा बढी बालक्लबका प्रतिनिधिहरुद्वारा गठन गरिने साझा सञ्जाल भन्ने बुझ्नुपर्दछ तर कुनै गा.वि.स.मा एउटामात्रै बालक्लब भएमा सो बालक्लब नै गाउँ बालक्लब सञ्जालका रुपमा मान्य हुनेछ ।

२.४) "नगर बालक्लब सञ्जाल" भन्नाले नगरपालिकाभित्र स्थापना भएका दुई वा दुईभन्दा बढी बालक्लबका प्रतिनिधिहरुद्वारा गठन गरिने साझा सञ्जाल भन्ने बुझ्नुपर्दछ तर नगरपालिकामा एउटामात्रै बालक्लब भएमा सो बालक्लब नै नगर बालक्लब सञ्जालका रुपमा मान्य हुनेछ ।

२.५) "जिल्ला बालक्लब सञ्जाल" भन्नाले जिल्लाभित्रका सबै बालक्लब सञ्जालका प्रतिनिधिहरुद्वारा गठन गरिने जिल्लास्तरीय सञ्जाल भन्ने बुझ्नुपर्दछ ।

२.६) "कार्य समिति" भन्नाले बालक्लब सञ्जालको सम्बन्धित कार्यकारी समिति भन्ने बुझ्नुपर्दछ ।

२.७) "सदस्य" भन्नाले बालक्लब सञ्जालका सम्बन्धित कार्य समितिका सदस्य तथा पदाधिकारी समेतलाई बुझ्नुपर्दछ ।

२.८) "साधारण सदस्य" भन्नाले खण्ड ख को परिच्छेद- ३ दफा ५ अनुसारका सदस्यलाई जनाउँछ ।

३. **छाप र चिन्ह** :- यस बालक्लब सञ्जालको छाप र चिन्ह अनुसूचि ३ मा उल्लेख गरिएबमोजिम हुनेछ

## परिच्छेद - २

## उद्देश्य

४.**बालक्लब सञ्जालको उद्देश्यः–**

४.१) गाउँ तथा नगर बालक्लब सञ्जालको उद्देश्य

क) गाउँपालिका. वा नगर भरी छरिएर रहेका विभिन्न बालक्लबहरुलाई एउटै सञ्जालमा आवद्ध गराउने ।

ख) गाउँपालिका वा नगर तहमा सञ्चालितबालबालिका केन्द्रित कार्यक्रमलाई समन्वयात्मक ढंगले सुचारु गराउन प्रयास गर्ने ।

ग) बालअधिकारलाई प्रचारात्मक अभियानकारुपमा अगाडी लैजाने ।

घ) आफ्नो कार्यक्षेत्रमा रहेका बालक्लबहरुलाई आफ्नो उद्देश्यमुताविक कार्य गर्न प्रेरित गराउने ।

४.२) इलाका बालक्लब सञ्जालको उद्देश्य

क) इलाका भरी छरिएर रहेका विभिन्न बालक्लबहरुलाई एउटै सञ्जालमा आवद्ध गराउने ।

ख) इलाका तहमा सञ्चालितबालबालिका केन्द्रित कार्यक्रमलाई समन्वयात्मक ढंगले सुचारु गराउन प्रयास गर्ने ।

ग) बालअधिकारलाई प्रचारात्मक अभियानकारुपमा अगाडी लैजान ।

घ) आफ्नो कार्यक्षेत्रमा रहेका बालक्लबहरुलाई आफ्नोउद्देश्यमुताविक कार्य गर्न प्रेरित गराउने ।

४.३) जिल्ला बालक्लब सञ्जालको उद्देश्य

क) जिल्लाभरी छरिएर रहेका विभिन्न बालक्लबहरुलाई एउटै सञ्जालमा आवद्ध गराउने ।

ख) जिल्ला तहमा सञ्चालित बालबालिका केन्द्रित कार्यक्रमलाई समन्वात्मक ढंगले सुचारु गराउन प्रयास गर्ने ।

ग) बालअधिकारलाई प्रचारात्मक अभियानकारुपमा अगाडी लैजान ।

घ) जिल्लाभरी रहेका बालक्लबहरुलाई आफ्नो उद्देश्य मुताविक कार्य गर्न प्रेरित गराउने ।

## परिच्छेद-३

## सदस्यता

### ५. सदस्यता

५.१ साधारण सदस्य :– यस सञ्जालमा आबद्ध भएका बालक्लबहरु यस सञ्जालका साधारण सदस्य हुनेछन् ।

### ६ भेला, कार्य समिति तथा बैठकसम्बन्धी व्यवस्था

६.१ सञ्जालको भेला तथा बैठक बोलाउने तरिका

६.१.१) बालक्लब सञ्जालको भेला बोलाउने तरिका :–

(क) गाउँपालिका वा नगर स्तरीय बालक्लब सञ्जालले इलाका बालक्लब सञ्जालसँग , इलाका बालक्लब सञ्जालले जिल्ला बालक्लब सञ्जालसँग र जिल्ला बालक्लब सञ्जालले जिल्ला बाल कल्याण समितिसँग परामर्श लिई वर्षको कम्तीमा १ पटक बालक्लब सञ्जालको भेलाको आयोजना गरिनेछ।

ख) गाउँपालिका वा नगर स्तरीय बालक्लब सञ्जालको भेलामा प्रत्येक बालक्लबबाट कम्तीमा २ जना बालक र २ जना बालिका अथवा बढीमा

कार्यसमितिका सबै सदस्यहरुसमेत सहभागी हुन सक्नेछन् ।

ग) इलाकास्तरीय बालक्लब सञ्जालको भेलामा सम्बन्धित इलाकाभित्रका प्रत्येक गाउँपालिका वा नगर बालक्लब सञ्जालबाट कम्तीमा १ जना बालक र १ जना बालिका नछुट्ने गरी प्रतिनिधिहरु सहभागी हुनसक्नेछन् ।

घ) जिल्लास्तरीय बालक्लब सञ्जालको भेलामा प्रत्येक गा.वि.स वा नगर बालक्लब सञ्जालबाट कम्तीमा १ जना बालक र १ जना बालिका नछुट्ने गरी प्रतिनिधिहरु सहभागी हुनसक्नेछन् ।

ङ) ख, ग, घ मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि कुनै गाउँपालिका वा नगर मा एउटा मात्र आबद्ध बालक्लब भएमा प्रतिनिधिमूलक सञ्जाल हुनेछ ।

६.१.२) बालक्लब सञ्जालको भेला गर्नका लागि कम्तीमा १५ दिन अगावै भेला हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै बालक्लबहरुलाई सूचना दिइनेछ ।

७.**कार्य समिति :–**

७.१) बालक्लब सञ्जालको कार्य समितिमा देहायबमोजिमका पदाधिकारी रहनेछन् ।

अध्यक्ष :– १ जना

उपाध्यक्ष :– १ जना

सचिव :– १ जना

कोषाध्यक्ष :– १ जना

सदस्य :– ५ जना

७.२) बालक्लब सञ्जालको कार्य समिति बालक्लब सञ्जालको भेलाबाट छनौट हुनेछ ।

७.३) कार्यसमितिका पदाधिकारीहरुको पदावधि २ वर्षको हुनेछ र सदस्यहरु पुनः निर्वाचित हुनसक्नेछन् ।

७.४) कार्य समितिको पदाधिकारीको पद रिक्त भएमा बाँकी समयको लागि कार्यसमितिले साधारण सदस्यहरुमध्येबाट मनोनयन गर्नेछ ।

७.५) समितिको पदाधिकारीहरु चयन गर्दा समान सहभागितालाई ध्यान दिइनेछ ।

७.६) बालक्लब सञ्जालको कार्य समितिको बैठक वर्षको कम्तीमा ४ पटक बस्नेछ ।

७.७) समितिका पदाधिकारीहरुको सदस्यता समाप्ति

अ) बालक्लब तथा बालक्लब सञ्जालको सदस्य नरहेमा

आ) समितिको बैठकमा लगातार ३ पटकसम्म अनुपस्थित रहेमा

८. सल्लाहकार समिति :– बालक्लब सञ्जाल सञ्चालन गर्नको लागि देहायबमोजिमको सल्लाहकार समितिको गठन

८.१) गाउँपालिका वा नगर स्तरीय बालक्लब सञ्जालको कार्य समितिले देहाय बमोजिमका व्यक्तित्वहरुमध्येबाट सल्लाहकार समितिको गठन गर्नेछ,

क) स्थानीय शिक्षकहरुमध्येबाट - १ जना

ख) सम्बन्धित गाउँपालिकाको उपप्रमुख वा निजले तोकेको सदस्य – १ जना

ग) बुद्धिजीविहरुमध्येबाट – १ जना

घ) महिला सामाजिक कार्यकर्ताहरु मध्येबाट – १ जना

ङ) गाउँपालिकामा बालबालिकाहरुसँग कार्यरत संस्थाहरु मध्येबाट स्थानीय – १ जना

च) पुर्ब बाल सञ्जाल अध्यक्ष – १ जना

८.२) इलाकास्तरीय बालक्लब सञ्जालको कार्य समितिले देहायबमोजिमका व्यक्तित्वहरुमध्येबाट सल्लाहकार समितिको गठन गर्नेछ,

क) सम्बन्धित इलाकाका शिक्षकहरुमध्येबाट - २ जना

ख) सम्बन्धित इलाकाका बुद्धिजीविहरुमध्येबाट – १ जना

घ) महिला सामाजिक कार्यकर्ताहरु मध्येबाट – १ जना

ङ) सम्बन्धित इलाकामा बालबालिकाहरुसँग कार्यरत संस्थाहरु मध्येबाट – १ जना

च) पुर्ब बाल सञ्जाल अध्यक्ष – १ जना

८.३) जिल्लास्तरीय बालक्लब सञ्जालको कार्य समितिले देहायबमोजिमका व्यक्तित्वहरुमध्येबाट सल्लाहकार समितिको गठन गर्नेछ,

क) जिल्ला बाल कल्याण अधिकारी– १ जना

ख) जिल्ला बाल कल्याण समितिका कार्यक्रम अधिकृत– १ जना

ग) जिल्ला विकास समितिका प्रतिनिधि – १ जना

घ) जिल्ला जनस्वास्थ्य कार्यालयका प्रतिनिधि – १ जना

ङ) जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि – १ जना

च)जिल्लामा सूचिकृत भई बालबालिकाको क्षेत्रमा कार्य गर्ने संस्थाका प्रतिनिधि – २ जना

छ) पुर्ब बाल सञ्जाल अध्यक्ष – १ जना

८.४) सल्लाहकार समितिका सदस्यहरुले आफुमध्येबाट १ जना लाई संयोजक पदमा चयन गर्नेछन् ।

## परिच्छेद–५

बालक्लब सञ्जालको दायित्व तथा पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

९. **बालक्लब सञ्जालको दायित्वहरु :–**

९.१) गाउँ बालक्लब सञ्जालको दायित्व

क) आफ्नो कार्य क्षेत्रमा बालबालिकाको जन्म दर्ता लगायतका अन्य व्यक्तिगत घटना दर्ता गर्न बालक्लबहरुलाई परिचालन गर्ने गराउने ।

ख) स्थानीयस्तरमा बालबालिकाको सर्वागिंण विकास तथा संरक्षणको लागि सरोकारवाला समूह संस्थाहरुसँग समन्वय गर्ने ।

ग) बालक्लब सञ्जालको वार्षिक कार्यक्रम बनाई रचनात्मक क्रियाकलाप गर्ने ।

घ) बालक्लबहरुलाई जिल्ला बाल कल्याण समितिमा आबद्ध तथा नवीकरण गराउन आवश्यक पहल र सहयोग गर्ने ।

ङ) इलाका बालक्लब सञ्जालका योजनाहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने।

९.२) इलाका बालक्लब सञ्जालको दायित्व

क) आफ्नोकार्य क्षेत्रमा बालबालिकाको जन्म दर्ता लगायतका अन्य व्यक्तिगत घटना दर्ता गर्न बालक्लबहरुलाई परिचालन गर्ने गराउने ।

ख) इलाकास्तरमा बालबालिकाको सर्वाङ्गीण विकास तथा संरक्षणको लागि सरोकारवाला समूहसंस्थाहरुसँग  समन्वय गर्ने ।

ग) आफ्ना कार्यक्षेत्र अन्तर्गतका गाविस वा नगरस्तरीय बालक्लब सञ्जालहरुलाई परिचालन तथा आवश्यक सहयोग गर्ने।

घ) बालक्लब सञ्जालको वार्षिक कार्यक्रम बनाई रचनात्मक क्रियाकलाप गर्ने ।

ङ) जिल्ला बालक्लब सञ्जालका योजनाहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने।

९.३) जिल्ला बालक्लब सञ्जालको दायित्व

क) आफ्नोकार्य क्षेत्रमा बालबालिकाको जन्म दर्ता लगायतका अन्य व्यक्तिगत घटना दर्ता गर्न बालक्लबहरुलाई परिचालन गर्ने गराउने ।

ख) स्थानीयस्तरमा बालबालिकाको सर्वाङ्गीण विकास तथा संरक्षणको लागि सरोकारवाला समूह संस्थाहरुसँग समन्वय गर्ने ।

ग) जिल्लामा बालबालिकाको क्षेत्रमा कार्य गर्ने जिल्ला बाल कल्याण समितिलगायत विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग आदान-प्रदान गर्ने ।

घ) बालक्लब सञ्जालको वार्षिक कार्यक्रम बनाई रचनात्मक क्रियाकलाप गर्ने ।

ङ) बालक्लबहरुलाई जिल्ला बाल कल्याण समितिमा आबद्ध तथा नवीकरण गराउन आवश्यक पहल र सहयोग गर्ने ।

**१०. सल्लाहकार समितिको काम कर्तव्य र अधिकार :–**

१०.१ बालक्लब सञ्जाललाई आवश्यकताअनुसार सुझाव, सल्लाह र प्रेरणा दिने ।

१०.२) बालक्लब सञ्जाल सञ्चालनका क्रममा देखापरेका समस्या र चुनौतीहरु शान्तिपूर्ण ढंगले समाधान गर्न सहयोग गर्ने ।

१०.३) बालक्लब सञ्जालको अभिभावकको भूमिका निर्वाह गर्ने ।

११. **पदाधिकारीको काम, कर्तव्य र अधिकारः–**

११.१) अध्यक्षको काम, कर्तव्य र अधिकारः

क) बालक्लब सञ्जालको बैठकको अध्यक्षता गर्ने ।

ख) बालक्लब सञ्जालको दैनिक कार्यसञ्चालन गर्न आवश्यक निर्देशन दिने र सदस्यहरुलाई

कामको बाँडफाँड गर्ने।

ग) बालक्लब सञ्जालको बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

घ) बैठकले पारित गरेको नीति तथा कार्यक्रम कार्यन्वयन गराउने ।

ङ) बालक्लबको चल अचल सम्पत्ति हेरविचार गर्ने ।

च) कार्य समितिको प्रशासन कार्यालयको रेखदेख गर्न र कार्य समितिले दिएको जिम्मेवारी पुरा गर्ने ।

छ) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

११.२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य काम गर्ने ।

११.३) सचिवको काम, कर्तव्य र अधिकारः

क) अध्यक्षको आदेशअनुसार सम्बन्धित संस्थाको कार्य समिति तथा भेलाको बैठक बोलाउने ।

ख) बैठकले पारित गरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ग) कार्य समितिबाट दिइएका थप जिम्मेवारीहरु पुरा गर्ने ।

घ) आर्थिक स्रोतबाट प्राप्त रकम अनुगमन गर्ने र नियमित गराउन प्रयत्नशील रहने ।

ङ) बालक्लब सञ्जालको दैनिक कार्य सञ्चालन गर्ने ।

च) बालक्लब सञ्जालको सबै प्रकारको अभिलेख राख्ने ।

छ) कार्य समितिले समय समयमा तोकिदिएको अन्य कार्यहरु गर्ने ।

११.४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

क) कोषको जिम्मेवारी लिने ।

ख) बालक्लब सञ्जालको सम्पूर्ण आय व्ययको विवरण राख्ने ।

ग) आवधिकरुपमा सम्बन्धित संस्थाको आयव्यय तथा सम्पूर्ण लेखा सार्वजनिकीकरण गराई साधारण सभा, कार्य समिति र जिल्ला बाल कल्याण समितिमा पेश गर्ने ।

घ) कार्य समितिको निर्णयबाट दिइएको अन्य जिम्मेवारी वहन गर्ने ।

११.५) कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकारः

क) बैठकमा भाग लिई आवश्यक सुझावहरु पेश गर्ने ।

ख) बैठकमा पारित भएका निर्णयहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

ग) हरेक क्षेत्रबाट बालक्लब सञ्जाललाई सहि निर्देशन दिई अघि बढाउन प्रयत्नरत रहने ।

घ) कार्य समितिले समय समयमा तोकिदिएको अन्य कार्यहरु गर्ने ।

१२. **गणपूरक सङ्ख्याः–**

कार्य समितिको काम कारवाही हुन कार्य समितिका कुल सदस्य सङ्ख्याको कम्तीमा ५१% पुग्ने गरी सदस्यहरु उपस्थित भएको हुनुपर्नेछ।

१३. **बालक्लब सञ्जालको कोषः–**

बालक्लबको एक आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिमका रकमहरु रहनेछन्,

१३.१) कुनै व्यक्ति वा संस्थाले स्वेच्छाले दिएको रकम

१३.२) अन्य कुनै उपायद्वारा प्राप्त रकम

१३.३) अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

**१४. कोष संरक्षणको व्यवस्था :–**

सल्लाहकार समितिलेबालक्लब सञ्जालको कोषको नजिकको वित्तीय संस्था (जस्तै सहकारी वा बैंक)मा खाता खोली उचित संरक्षण तथा सञ्चालन गर्नेछ । बैंक खाता सञ्चालन गर्नु परेमा सल्लाहकार समितिका सदस्यहरुमध्ये २ जनाको नाममा सञ्चालन गर्नेछ।

**१५. बालक्लब सञ्जालको लेखा र लेखा सार्वजनिकीकरण :–**

१५.१) बालक्लब सञ्जालको आम्दानी खर्चको स्पस्ट हिसाव राखिनेछ ।

१५.२) बालक्लब सञ्जालको लेखा साधारण सभामा पेश गरी अनुमोदन गरिनेछ ।

१५.३) जिल्ला बाल कल्याण समितिले चाहेमा जुनसुकै बखत पनि बालक्लब सञ्जालको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद - ६

## निर्वाचन

१६. **निर्वाचन सम्बन्धी व्यवस्थाः–** कार्य समितिका पदाधिकारी छनौट गर्न बालबालिकाले सकेसम्म सर्वसम्मत विधि अपनाउनेछन् तर सर्वसम्मत हुन नसकेमा आवश्यक कार्यविधि तयार पारी विधिपूर्वक छनौट गर्ने व्यवस्था अपनाउनेछन् ।

## परिच्छेद - ७

## विविध

१७. **निर्देशिका संशोधन :–** बालक्लब सञ्जालको निर्देशिका संसोधन गर्नु पर्ने भएमा आवश्यक सुझावहरु सहित जिल्ला बाल कल्याण समितिसमक्ष अनुरोध गर्ने र जिल्ला बाल कल्याण समितिले निर्देशिका संशोधन गर्न सक्नेछ ।

१८. **संरक्षक :–**

१८.१) प्रमुख संरक्षक संस्था :- बालक्लब सञ्जालको प्रमुख संरक्षक स्थानीय बालअधिकार परिषद् नुवाकोट रहनेछ ।

१८.२) संरक्षक संस्था/ ब्यक्ति :- सञ्जालमा आबद्ध बालक्लबहरुलाई प्रत्यक्ष सहयोग पु¥याइरहेका संस्था हरु सञ्जालका संरक्षक संस्था र ब्यक्ति संरक्षक हुनेछन् ।

१९. **बालक्लब सञ्जाल खारेजी :–** बालक्लब सञ्जाल खारेज भएमा बालक्लब सञ्जालको चल अचल स स्थानीय बालअधिकार परिषद्ले तोकेबमोजिम हुनेछ ।

२०. **सूचिकरण तथा नवीकरण :–**

२०.१) बालक्लब सञ्जालले १ प्रति **आफ्नो लक्ष्य तथा उद्देश्य सहित** अनुसूचि नं. १ र ४ अनुसारको फारम भरी स्थानीय

बालअधिकार परिषद्, दुप्चेश्वर गाउँकार्यपालिका नुवाकोटमा आवद्धताको लागि आवेदन गर्नेछ ।

२०.२) स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका नुवाकोटले अनुसूचि २ मा व्यवस्था भए अनुसारको प्रमाण पत्र उपलब्ध गराएपछि बालक्लब सञ्जाल स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका नुवाकोटमा आवद्ध हुनेछ ।

२०.३) प्रत्येक वर्षको बैशाख मसान्तसम्ममा बालक्लब सञ्जालले आफ्नोबालक्लब सञ्जालको आम्दानी खर्चको हिसाव सार्वजनिक गराएको प्रतिवेदनसहित अनुसूचि नं. ५ अनुसारको फारम भरी स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका नुवाकोटमा नवीकरणको लागि निवेदन दिनेछ ।

२१. **बचाउ :–**

२१.१) प्रथमपटक यो निर्देशिका लागू गर्दा भए गरेका कामहरु यसै निर्देशिकाअन्तर्गत भए गरेको मानिनेछ ।

२१.२) यस निर्देशिकामा उल्लेख गरिएवाहेकका अन्य कुराहरु स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिको तोके बमोजिम हुनेछ ।

**अनुसूचि १-(आबद्धताको लागि निवेदन)**

श्रीमान् संयोजक ज्यू,
स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका, नुवाकोट ।

महोदय,

हामीले ................................ बालक्लब/ बालक्लब सञ्जाल गठन गर्न चाहेकोले स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका नुवाकोट द्वारा जारी गरिएको बालक्लब / बालक्लब सञ्जाल सञ्चालन निर्देशिका, २०७५ बमोजिम आबद्ध हुनका लागि देहायको विवरण सहित अनूसूचि-३ र अनूसूचि-४ पनि यसैसाथ संलग्न गरी निवेदन गरेका छौ ।
विवरण:

**१. बालक्लब / बालक्लब सञ्जालको नामः**
**२. बालक्लब / बालक्लब सञ्जालको ठेगानाः**
**३. कार्य समितिका सदस्यहरुको नामावली :**

**समूहका कार्यसमितिका पदाधिकारीहरु**

| **क्र.स.** | **पद** | **नम थर** | **पुरा ठेगाना -( गाउँपालिका, नपा वडा र टोल)** | **हस्ताक्षर** |
|---|---|---|---|---|
| १. | अध्यक्ष | | | |
| २. | उपाध्यक्ष | | | |
| ३. | सचिब | | | |
| ४. | सहसचिब | | | |
| ५. | कोषाध्यक्ष | | | |
| ६. | सदस्य | | | |
| ७. | सदस्य | | | |
| ८. | सदस्य | | | |
| ९. | सदस्य | | | |
| १०. | सदस्य | | | |
| ११. | सदस्य | | | |

नोटः
१. यस बमोजिम साधारण सदस्यहरु थप गर्न सकिने छ।
२. समूहका साधारण सदस्यहरुले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ।
३. निर्देशिका बमोजिम आबद्धता एवं सूचिकृत गराउनु पर्ने निकाय वा संस्थामा सम्वन्धित गाउँपालिकावा विद्यालय वा सम्वन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिश संलग्न हुनु पर्ने छ। सिफारिश साथ कार्य समितिका सबै पदाधिकारीहरुको संयुक्त निवेदन स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका नुवाकोटमा पेश गर्नु पर्नेछ।

४. यस निर्देशिकाको प्रतिबद्धताको लागि बाल समूहको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरुले निर्देशिकाको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ ।
**४. बालक्लबमा आबद्ध साधारण सदस्यहरुको सङ्ख्या : बालक................ बालिका ................ जम्मा.........**
**५) सल्लाहकार समितिको सदस्यको नाम, थर र ठेगानाः**
मितिः- ..................... ..........................

भवदीय अध्यक्ष

( **पुनश्च :- नं.४ बालक्लबको लागिमात्र** )

**अनुसूचि २**

**बालक्लबको छाप र चिन्ह** :– गोलो घेराभित्र बालक्लबको नाम भएको छाप हुनेछ।

**बालक्लब सञ्जालको छाप र चिन्ह** :– गोलो घेराभित्र बालक्लब सञ्जालको नाम भएको छाप हुनेछ।

**अनुसूचि ३**

**आबद्धता प्रमाणपत्र**

नेपाल सरकार
दुप्चेश्वर गाउँकार्यकालिकाको कार्यालय
स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका नुवाकोट

# आबद्धता प्रमाणपत्र

**बालअधिकारको प्रबर्द्धनमा अभिव्यक्त सामूहिक प्रतिबद्धताको सम्मान गर्दै.................... जिल्ला ........................ गाउँपालिका/न.पा. वडानं. ............, .................. को...............................................लाई बालअधिकारसम्बन्धि महासन्धि १९८९र बालबालिकासम्बन्धि ऐन २०४८को भावना अनुरुप यो आबद्धताको प्रमाणपत्र प्रदान गरिएको छ। बालअधिकारसम्बन्धी महासन्धि एवं प्रचलित राष्ट्रिय ऐन कानून अनुसार परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको स्थिति सुदृढ गर्ने कार्यमा यस बालक्लब/समुह/सञ्जाल/मञ्चको सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बालक्लब/समुह/सञ्जाल/मञ्चको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछौं।**

.............................. ........... ............ ..........................

**बालकल्याण अधिकारी/ मिति संयोजक**

स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका

**अनुसूचि ४**

**नबिकरण तथा आबद्धता फारम**

नेपाल सरकार

स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका

नुवाकोट

**बालक्लव/समुह/मञ्च बालक्लव/ सञ्जाल आबद्धता विवरण**

१.**बालक्लव/समुह/मञ्च/ सञ्जालको नाम** ...................................................

२.**बालक्लव/समुह/मञ्च/ सञ्जालको**

**मुख्य कामहरु र उद्धेश्यः** .........................................................

.........................................................................................

................................................................................

**३. बालक्लव/समुह/मञ्च/ सञ्जालको ठेगानाः**

जिल्ला.................... गाविस/नपाः........................ वडा नंः.........................

गाउँ/टोल..................... अन्यः................. सम्पर्क नं. .............................

**४.बालक्लव/समुह/मञ्च/सञ्जाल स्थापना भएको मितिः** .....

**५. बालक्लव/समुह/मञ्च/सञ्जालको प्रकारः**

समुदायमा आधारितः .............. विद्यालयमा आधारितः ................. अन्य(संघसंस्था): ................................

विद्यालय/समुदाय/अन्यको नामः...........................................................................................

**६.बालक्लव/समुह/मञ्च/ सञ्जालको सञ्चालनमा सहजिकरण गर्नेः**

**क.बाल क्लव गठन गर्ने संस्थाः ...........................**

**ख. अन्य सहयोगी संस्था वा निकायहरु**

| नाम | ठेगाना | मुख्य/सहायक |
|---|---|---|
| | | |
| | | |

**७.साधारण सदस्यहरुको जम्मासंख्याः बालक ............ बालिका .............**

| | **आदिबासी/ जनजाति** | **दलित** | **ब्राहमण/क्षेत्री** | **सन्यासी** | **अन्य** | **अपांग बालबालिका** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| **बालक** | | | | | | | |
| **बालिका** | | | | | | | |

**८.उमेरसमुह अनुसार सदस्य बालबालिकाको संख्याः**

| | **८देखी १०** | **११देखी१३** | **१३देखी१५** | **१५देखी१८** |
|---|---|---|---|---|
| **बालक संख्या** | | | | |
| **बालिका संख्या** | | | | |

**९. बालक्लव/समुह/मञ्चको कार्यसमितिका सदस्यहरुको विवरण**

| क.स | पद | कार्यसमितिको सदस्यहरुको नाम थर | उमेर | बालक/ बालिका | कक्षा | क्लबमा सामेल अवधि |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

सदस्यहरुको विवरणका लागी आवश्यक भएमा उमेर खुलाई अन्य पाना संलग्न गर्न सकिने छ।

**१०.पत्रचार गर्ने ठेगानाः** .......................................................................

सम्पर्क व्यक्ति वा संस्थाको नामः ..............................................................

ठेगानाः गाविस/नपाः ............................... वडा नं......... गाउँटोलः ................

सम्पर्क फोन /मोवाईल नंः................................ ईमेल ...............................

**११. विवरण भरेको मितिः**......................................

**स्थानीय बालअधिकार परिषद् , दुप्चेश्वर गाउँकार्यपालिका प्रयोजनको लागिः**

विवरण प्राप्त गर्ने कर्मचारीको नामथरः ..................................... हस्ताक्षरः......................विवरण प्राप्त मितिः ..........

आवद्धता प्रमाण पत्र नं..................

**आवद्धिक सूचना वा जानकारी**

**बालक्लव/समुह/मञ्च / सञ्जालबाट प्राप्त भएको सूचना वा जानकारीको संक्षिप्त विवरण**

| | |
|---|---|
| ................................. | कार्य प्रतिवेदन........<br>जानकारी पत्र.........<br>अन्य..................... |
| ................................. | कार्य प्रतिवेदन........<br>जानकारी पत्र.........<br>अन्य..................... |
| **मिति :** | **विवरणको प्रकृति** |

**आज्ञाले,**
**रामहरि गजुरेल**
**प्रमुख प्रशासकीय अधिकृत**